# पाठ ४

# हाम्रा व्यक्तित्वहरूको विकास

परमेश्वरको उद्देश्य हामीमा उहाँको स्वरुपको पुर्नस्थापना गर्नु हो भनी यसभन्दा पहिलेको पाठमा तपाईंले सिकिसक्नुभएको कुरालाई के तपाईं स्मरण गर्नुहुन्छ ? कति अचम्मको उद्देश्य ! अनि हाम्रो व्यक्तित्वको विकास हुँदा यस पुनर्स्थापनाले ठाउँ लिन्छ ।

परमेश्वरले हाम्रा जिम्मामा राखिदिनुभएका सबै थोकहरूमध्ये, हाम्रो व्यक्तित्वचाहिँ सबैभन्दा मूल्यवान छ । यसले नै हामीहरूलाई व्यक्तिहरू बनाउँछ, र यसको कारणले नै हामी पशुहरूभन्दा फरक हुन्छौं । यसको कारणले नै हामी परमेश्वरको सृष्टिका मुकुट बनाइएका छौं – परमेश्वरको उत्कृष्ट सृष्टि ।

परमेश्वरका कारिन्दाहरूका रूपमा, परमेश्वरले हामीलाई दिनुभएका कुराहरूलाई विश्वासयोग्यतासाथ व्यवस्थापन गर्ने ठूलो र गहन जिम्मेवारी हामीमा छ । हाम्रो व्यक्तित्वको सम्बन्धमा, हामी ख्रीष्टजस्तो नबनुञ्जेल हाम्रो जिम्मेवारी चाहिँ यसलाई सुरक्षा गर्नु र विकास गर्नु हो ।

बुद्धि, इच्छा र भावनाहरूजस्ता तीन मुख्य भागहरू मिलेर हाम्रो व्यक्तित्व बनेको हुन्छ । तपाईंले यी प्रत्येकलाई विकास गर्न सक्नुहोस् भनी तपाईंलाई सहयोग पुऱ्याउन यो पाठ लेखिएको छ । परमेश्वरको महिमाको निम्ति तपाईंको बुद्धिलाई बढाउन, तपाईंको इच्छालाई बलियो पार्न र तपाईंका भावनाहरूलाई प्रयोग गर्नका लागि यसमा तपाईंले उपयोगी सुझावहरू भेट्टाउनुहुनेछ ।

## पाठको रूपरेखा

हाम्रो बुद्धि

हाम्रो इच्छा

हाम्रा भावनाहरू




## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले:

- तपाईंको व्यक्तित्वको कारिन्दा हुनुभनेको के हो सो बुझ्न सक्नुपर्नेछ।
- परमेश्वरको महिमाको निम्ति तपाईंको मन, इच्छा र भावनाहरूलाई तपाईंले विकास र प्रयोग गर्न सक्नुहुने विभिन्न तरीकाहरूलाई वर्णन गर्न सक्नुपर्नेछ।
- तपाईंको व्यक्तित्वको प्रत्येक भागको निम्ति परमेश्वरको उद्देश्यलाई पूरा गर्ने मूल्यप्रति कृतज्ञ हुन सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. पहिलेका पाठहरूका निम्ति तपाईंले पछ्याउनु भएझैं यस पाठको अध्ययनमा पनि उही कदमहरूलाई पछ्याउनुहोस्। शब्दकोशमा प्रत्येक मुख्य शब्द भेट्टाउन, ध्यानपूर्वक पाठ विकास र उद्देश्यहरूलाई अध्ययन गर्न, अध्ययन प्रश्नहरूका उत्तर दिन नभुल्नुहोस्।

२. पाठको अन्त्यमा दिइएका अध्ययन प्रश्नहरूका उत्तरहरूसँग तपाईंले दिनुभएका उत्तरहरूलाई जाँच्नुहोस्, र पूरै पुस्तकलाई समीक्षा गर्नुहोस् । तब स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् ।

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| विश्लेषण गर्नु | भावनाहरू | व्यक्तित्व |
| प्रवृत्ति | बुद्धि | समर्पण |
| चरमसीमा | मध्यस्थता | इच्छा |
| सुधार गर्नु | | |

## पाठ विकास

### हाम्रो बुद्धि

विचार गर्न, बुझ्न, सम्झन वा कल्पना गर्न हाम्रो बुद्धि वा मनले नै हामीलाई सक्षम तुल्याउँछ । यसको दुरुपयोगले नै संसारलाई घायल बनाउने खराब कुराहरू ल्याएको छ । तर यदि यसलाई उचित किसिमले प्रयोग गर्न सकियो भने, मानव बुद्धि मानव जातिको निम्ति ठूलो आशिष हुनसक्छ । त्यसकारणले गर्दा नै, यो यसको पूर्ण विकासमा नपुगुञ्जेल परमेश्वरलाई प्रसन्न तुल्याउने किसिममा हामीले यसलाई अभ्यास गर्नु आवश्यक छ (१ कोरिन्थी १३:१२; कलस्सी ३:१०) ।

### असल कुराको बारेमा विचार गर्नुहोस्

उद्देश्य १. *जे असल छ सो बारेमा विचार गर्न हाम्रा मनहरूलाई हामीले सहयोग गर्न सक्ने केही तरीकाहरूलाई पहिचान गर्नुहोस् ।*

हाम्रो मन वा बुद्धिलाई अभ्यास गर्ने एउटा तरीकाचाहिँ विचार गर्नु हो । वास्तवमा हाम्रो मनको मुख्य कार्य नै विचार गर्नु हो । हाम्रा विचारहरूले हाम्रो चरित्रलाई निर्धारण गर्छ किनकि "एक मानिसले जे विचार गर्छ वास्तवमा ऊ त्यही नै हो (हितोपदेश २३:७) । त्यसैले त परमेश्वरलाई असल लाग्ने र प्रसन्न

पार्ने बारेमा हामीले सोचेको उहाँले चाहनुहुन्छ (फिलिप्पी ४:८; भजनसंग्रह १९:१४) । तर यसलाई कसरी गर्न सकिन्छ ? तपाईंले गर्नैपर्ने दुई कुराहरू त्यहाँ छन् ।

१. *तपाईंले आफ्नो मनलाई खुवाउनु आवश्यक पर्छ ।* हाम्रो मनले राम्रोसँग काम गर्नसक्छ–अर्थात् यदि हामीले यसलाई असल विचारहरूले भन्यौं भने, यसले असल थोकहरूलाई विचार गर्न सक्छ । पेटको लागि विष जस्तो हुन्छ, खराब विचारहरू मनका लागि त्यस्तै हुन्छन् ।

हाम्रो मनको निम्ति सबैभन्दा उत्तम खानेकुरा बाइबल नै हो (मत्ती ४:४) । बाइबलका विचारहरू परमेश्वरका विचारहरू हुन् । यसैले, यदि तपाईंले यसलाई सुन्नुभयो वा यसलाई पढ्नुभयो भने, तपाईंले आफ्नो मनलाई असल विचारहरूले भरिराख्नुभएको हुन्छ (यशैया ५५:८-९) । अनि तपाईंको मनले परमेश्वरको वचनमा पनि मनन गर्न सक्छ, अर्थात् यस बारेमा विचार गर्न सक्छ (भजनसंग्रह १:२; ११९:९७, ९९) ।

हाम्रो मनको निम्ति असल भोजनका अर्का स्रोत पवित्र आत्मा हुनुहुन्छ । यदि तपाईंले उहाँमा विशेष ध्यान लगाउनुभयो, विशेष गरी तपाईंले प्रार्थना गर्नुहुँदा यसो गर्नुभयो भने उहाँले तपाईंलाई बहुमूल्य सत्यताहरू सिकाउनुहुनेछ (१ कोरिन्थी १२:९; १ यूहन्ना २:२७) ।

१. परमेश्वरको वचनमा मनन गर्नुको अर्थ ........................................
........................................................................ हुन्छ ।

असल थोकहरू पढेर पनि हामी हाम्रो मनलाई खुवाउन सक्छौं । “जे कुरो सत्य छ, जे कुरो आदरणीय छ, जे कुरो न्याय-सङ्गत छ, जे कुरो शुद्ध छ, जे कुरो प्रेम-योग्य छ, र जे कुरो कृपामय छ” ती नै कुराहरूले आफ्ना मनलाई भर्नू भनी पावलले फिलिप्पीहरूलाई बताएका छन् (फिलिप्पी ४:८) । बाइबलका अतिरिक्त, खीष्टियान पुस्तकहरूले विचार गर्नका लागि तपाईंलाई अति उत्तम धारणाहरू दिन्छन् ।

यदि तपाईं तपाईंको मण्डलीका सभाहरूमा लगातार हाजिर हुनुभयो भने प्रचार गरिएका सन्देशहरूले तपाईंको मनलाई भर्नेछन् र पछि तपाईंले यसलाई मनन गर्दा अति नै उपयोगी हुनेछ (याकूब १:२१) ।

अन्त्यमा, स्वस्थकर कुराकानी पनि असल विचारहरूको स्रोत हुनसक्छ। यसको निम्ति तपाईंलाई खराब विचारहरूको सुझाव दिने व्यक्तिहरूबाट तपाईं अलग रहनु आवश्यक पर्छ (भजनसंग्रह १:१; २ तिमोथी २:१६)। यसको विपरीत, सुधार गर्ने किसिमका कुराकानीलाई खोज्नुहोस् (एफिसी ४:२९)।

२. तपाईंको मनले असल विचारहरू गर्नका लागि तपाईंले सहयोग पुऱ्याउन सक्नुहुने कुराहरूको सूची तल छ। तीमध्ये कुनचाहिँलाई तपाईंले गरिरहनुभएको छ ? मैले गरिरहेको छु–को मुनिको खाली ठाउँमा चिन्ह लेख्नुहोस्। तीमध्ये कुनचाहिँलाई तपाईं गर्न शुरु गर्नुहुन्छ ? गर्न सक्छुको मुनिको खाली ठाउँमा चिन्ह लेख्नुहोस्। सूचीमा नभएका अन्य कुराहरूलाई पनि तपाईं थप्न सक्नुहुन्छ।

| | गरिरहेको छु | गर्नसक्छु |
|---|---|---|
| बाइबल पढाइ वा अध्ययन | | |
| पवित्र आत्मालाई सुनुवाइ | | |
| असल पुस्तकहरू पढ्नु | | |
| उपदेश (सन्देश) हरू सुन्नु | | |
| असल कुराकानी खोज्नु | | |
| अन्य: | | |

२. *तपाईंले आफ्नो मनलाई अनुशासित गर्नुपर्छ।* येशूलाई तपाईंका मुक्तिदाताका रूपमा तपाईंले ग्रहण गर्नुभएको समयदेखि तपाईंमा नयाँ मन आएको छ। तपाईं यसलाई असल विचारहरूले भर्नुहोस्। तथापि, तपाईंले पत्ता लगाउनुभएको छ कि कतिपल्ट के असल हो भन्ने बारेमा विचार गर्न धेरै कठिन पर्छ। यसको कारण चकित वा निराश नहुनुहोस्। सबै ख्रीष्टियानहरूसँग यो अनुभव हुन्छ। कहिलेकहीं यी हाम्रा आफ्नै मानवीय विचारहरूबाट आउँछन्। तर ती तपाईंकै नहुन पनि सक्छन्। तिनीहरू शैतानबाट आएका हुन सक्छन्, जसले ती तपाईंका मनमा ल्याउने कोशिश गर्छ। त्यसले पहिली स्त्री (उत्पत्ति ३:१-३) र येशू (लूका ४:३-९) लाई त्यही गरेको थियो। स्त्री असफल भइन् ; तर येशू विजय हुनुभयो। अनि

तपाईंसँग ख्रीष्टको मन भएको कारण (१ कोरिन्थी २:१६), तपाईं पनि विजयी हुन सक्नुहुन्छ ।

तपाईंले दुष्ट विचारहरूको सामना गर्नुपर्दा, तपाईंले गर्नका लागि सहयोगपूर्ण भेट्टाउनुहुने केही कुराहरू यहाँ छन् :

क. यसलाई भित्र नलिनुहोस् । कसैले भनेको छ : "मेरो टाउकोमाथिबाट उड्न म चराहरूलाई रोक्न सक्दिन, तर मेरो कपालमा गुँड बनाउनबाट म तिनीहरूलाई रोक्न सक्छु ।"

ख. दुष्ट विचारमाथि विजय हुनका लागि तपाईंलाई सहयोग गर्न परमेश्वरसँग विन्ती गर्नुहोस् ।

ग. केही असल थोकहरूलाई तुरुन्तै विचार गर्नुहोस् (फिलिप्पी ४:८) ।

घ. बाइबलका पदहरूलाई उद्धृत गर्नुहोस् । येशूले पनि यही नै गर्नुभयो (मत्ती ४:३-११) ।

ङ. तपाईंको मनमा असल विचारहरू ल्याउने भजन वा कोरसहरूलाई गाउँनुहोस् ।

३. लूका ४:३-९ मा उल्लिखित ख्रीष्टको अनुभवबाट हामी सिक्नसक्छौं कि हामी

क. ले परमेश्वरको वचनको प्रयोगद्वारा दुष्ट विचारहरूमाथि विजय प्राप्त गर्न सक्छौं ।

ख. दुष्ट विचारहरूद्वारा परीक्षित हुँदैनौं ।

ग. दुष्ट विचारहरूमाथि विजय हुनका लागि हाम्रो आफ्नै बुद्धिमा भर पर्नसक्छौं ।



## उपयोगी थोकहरू अध्ययन गर्नुहोस्

उद्देश्य २. *एक ख्रीष्टियानको निम्ति अध्ययनको मूल्य देखाउने बयानहरूलाई छान्नुहोस् ।*

हाम्रो जीवनको महत्त्वपूर्ण भागलाई हामी अध्ययनमा नै बिताउँछौं । हामी केटाकेटीहरू छँदा कतिपल्ट हामीलाई अध्ययन गर्न मन परेन । तर हामीले मन लगाएर अध्ययन गरेका भए कति मूल्यवान हुने थियो भनी अहिले हामीले पत्ता लगाएका छौँ । यसैकारणले गर्दा नै आफ्नो बाल्याकालको अवधिमा आफ्ना अध्ययनलाई रोक्ने धेरै विश्वासीहरूले अहिले फेरि आफ्नो अध्ययनलाई निरन्तरता दिएका छन् । कहिल्यै पनि विद्यालयमा नगएकाहरूले रात्री विद्यालयमा गएर लेख-पढ गर्न सिकिरहेका छन् ।



प्रभुको कामको निम्ति आवश्यक पर्ने तयारी आफूसँग छैन भनी तपाईंले विश्वास गर्नुभएको कारण अहिलेसम्म तपाईंले उहाँको काममा केही पनि नगर्नुभएको हुनसक्छ । यो तपाईंको मौका हो । बाइबल धर्मशास्त्रलाई अझै राम्रोसँग जान्न, अझै परिपक्व विश्वासी हुन र सेवाकार्यमा (२ तिमोथी २:१५) अझ प्रभावकारी रूपले सेवा गर्नका लागि तपाईंलाई सहयोग पुऱ्याउन बाइबल (प्रेरित १७:११) तथा अन्य ख्रीष्टियान पुस्तकहरूलाई अध्ययन गर्न शुरु गर्नुहोस् । तपाईंले यस पाठ्यपुस्तकलाई अध्ययन गर्न लाग्नुभएको तथ्यले देखाउँछ कि तपाईंले यसो गर्न थालिसक्नुभएको छ । जान्नका लागि असल हुने र तपाईं संलग्न हुनुभएको काम गर्न तपाईंलाई सक्षम बनाउने अन्य विषयहरूलाई पनि तपाईं किन अध्ययन गर्नु हुन्न र ?

ख्रीष्टियान विश्वासीहरू अज्ञानी र अशिक्षित हुन्छन् भनी प्राय:जसो अख्रीष्टियानहरूले विचार गर्छन् । तिनीहरूले त्यसो गर्नुमा धेरैपल्ट कारण पनि छ किनकि कोही विश्वासीहरूले आफूलाई शिक्षित बनाउने कोशिश नै गर्दैनन् । येशू अशिक्षितहरूकहाँ आउनुभयो भन्ने कुरा सत्य हो (मत्ती ११:२५-२६); तर तिनीहरू

आफ्ना अज्ञानताबाट बाहिर आउन सकुन् भनेर नै तिनीहरूलाई सिकाउनका लागि उहाँ आउनुभयो ! प्रभुलाई इज्जत ल्याउने किसिममा प्रभुको निम्ति उपयोगी हुने हर प्रकारको काममा हामीले आफूलाई किन तयार नगर्ने ? परमेश्वरजस्तै बुद्धिमान मालिकलाई तयार भएका कारिन्दाहरू चाहिन्छ ।

अध्ययनले सामान्य विचार गर्नुभन्दा पनि अझ धेरै मानसिक कामको माग गर्छ । तर यो कति असल लगानी हो ! तपाईंका अध्ययनहरूका अन्त्यमा तपाईंका मानसिक शक्तिहरू धेरै विकास हुनेछन् र तपाईंले धेरै कुराहरू जान्नुहुनेछ । अनि अध्ययन गर्नका लागि तपाईंमा पर्याप्त मानसिक क्षमता छैन जस्तो यदि तपाईंलाई लाग्छ भने, तपाईंलाई सहयोग गर्न परमेश्वरसँग विन्ती गर्नुहोस् । उहाँले अवश्य पनि तपाईंलाई सहयोग गर्नुहुनेछ (याकूब १:५) । अनि तपाईंले पवित्र धर्मशास्त्र बाइबललाई अध्ययन गर्नुहुँदा, यसलाई बुझ्न उहाँले तपाईंलाई सहयोग गर्नुहुनेछ (एफिसी १:१८; १ यूहन्ना ५:२०) ।

४. मानिलिऔं तपाईंका एक जना मित्रले तपाईंलाई यो प्रश्न सोध्नुभयो: “अशिक्षित मानिसहरूलाई पनि परमेश्वरले धेरै कुराहरू प्रकट गर्नुहुने हुनाले मैले किन अध्ययन गर्नुपर्छ र ?” जवाफ दिने उत्तम तरीका कुन होला ?

क. यदि उनी पास्टर बन्न लागेका छैनन् भने बाइबल अध्ययन गर्ने वा उनी आफ्नै निम्ति अझै शिक्षा हासिल गर्न कोशिश गर्ने बारेमा उनले फिक्री गर्नुपर्दैन भन्ने कुरामा उनीसँग सहमति हुने ।

ख. अशिक्षितहरूलाई पनि परमेश्वरले विभिन्न कुराहरू प्रकट गर्नुभए तापनि, २ तिमोथी २:१५ ले भनेझैं उहाँलाई अझै राम्रोसँग सेवा गर्नका लागि उहाँको वचनलाई हामीले अध्ययन गरेको उहाँले चाहनुहुन्छ भनी उल्लेख गर्नु ।

ग. ख्रीष्टियानहरू अशिक्षित छन् भनी संसारमा धेरै मानिसहरूले विचार गर्छन् भन्ने कुरा उनलाई बताउनु । त्यसकारण हामी शिक्षित छौं भन्ने कुरा प्रमाणित गर्नु महत्त्वपूर्ण छ भनी उनलाई व्याख्या गरिदिनु ।

## तपाईंको मनले प्रार्थना गर्नु

उद्देश्य ३. *हामीले प्रार्थना गर्दा हाम्रा मनलाई कसरी प्रयोग गर्ने भन्ने सम्बन्धका विवरणहरूलाई छान्नुहोस् ।*

हरेक पल्ट हामी बोल्दा हामीले के भन्नुपर्ने हो भन्ने बारेमा विचार गर्न हामी हाम्रा मनलाई प्रयोग गर्छौं । सम्भवत कहिलेकाहीं हामी यसो गर्दैनौं र पछि यस बारेमा हामीलाई पछुतो लाग्छ । यो कुराचाहिँ पक्का छ कि हामीले परमेश्वरसँग प्रार्थना गर्दा हामीले उहाँसँग कुराकानी गरिरहेका हुन्छौं । हामीले उहाँलाई के भन्छौं भन्ने बारेमा विचार गर्नका लागि पनि हामी हाम्रो मनलाई प्रयोग गर्छौं । यस सम्बन्धमा प्रेरित पावलले भनेका छन्: "म दिमाग (मन)ले पनि प्रार्थना गर्नेछु" (१ कोरिन्थी १४:१५) ।

आफूले भनेका कुरालाई घरीघरी दोहोऱ्याउने वा अनावश्यक रूपमा लामा वाक्यहरू प्रयोग गरी प्रार्थना गर्ने मानिसहरूले आफ्ना मनलाई त्यति प्रयोग गरेका जस्तो देखिँदैन । येशूले यस अभ्यासलाई दोष्याउनुभयो (मत्ती ६:७) । अधिकारमा भएका कोही व्यक्तिसँग हामी बोल्दा हामी के भन्न चाहन्छौं भन्ने कुरालाई हामीले ध्यानपूर्वक विचार गऱ्यौं भने, यस विश्वका मालिकसँग हामीले कुराकानी गर्दा, हामीले कति धेरै विचार गर्नुपर्ने हुन्छ !

बाइबलले धेरै प्रार्थनाहरूलाई उल्लेख गरेको छ । तपाईंले परमेश्वरसँग प्रार्थना गर्नुहुँदा तपाईंका विचारहरूलाई कसरी क्रममा राख्ने भन्ने सम्बन्धमा यिनीहरूले तपाईंलाई सुझाव दिन्छन् । उदाहरणको लागि, तपाईंसँग अब्राहाम (उत्पत्ति १८:२३-३२), मोशा (प्रस्थान ३२:११-१३), हन्नाह (१ शमूएल १:११) का प्रार्थनाहरू छन् । तपाईंसँग भजनहरू, एलिया (१ राजा १८:३६-३७), एज्रा (एज्रा ९:६-१५), लेवी (नहेम्याह ९:५-३७), दानिएल (दानिएल ९:४-१९), हबकूक (हबकूक २:१-१९) का प्रार्थनाहरू छन् । नयाँ करारमा तपाईंसँग येशूले सिकाउनुभएको प्रार्थना (मत्ती ६:९-१३), चेलाहरूका प्रार्थना (प्रेरित ४:२४-३०), र प्रकाशको पुस्तकमा भएका धेरै प्रशंसाहरू छन् ।

५. प्रार्थना गर्दा हाम्रा मनलाई प्रयोग गर्नुको अर्थ

क. हामीले भनेको कुरालाई दोहोऱ्याउनु हो, यसरी परमेश्वरले हामीलाई सुन्नुभयो भन्ने कुरामा हामी पक्का हुन्छौं ।

ख. हाम्रा प्रार्थनाहरूलाई कसरी लामो बनाउन सकिन्छ भनी विचार गर्नु हो ।

ग. हामीले भन्न चाहेको कुरामा ध्यानपूर्ण विचार दिनु हो ।

## तपाईंको ज्ञानलाई बाँडचूड गर्नुहोस्

उद्देश्य ४. *अरूहरूसँग तपाईंले बाँड्नसक्नुहुने तपाईंसँग भएको विशेष सीप वा ज्ञानको सुची बनाउनुहोस् ।*

हामीले जानेका कुरा यदि हामीले बाँडचूँड गर्‍यौं भने हाम्रा मनहरूले परमेश्वरलाई आदर र अरूहरूलाई आशिष पुर्‍याउन सक्छन् । यसलाई तपाईंले गर्न सक्नुहुने केही तरीकाहरूचाहिँ तपाईंका जीवनमा ख्रीष्टले गर्नुभएका कुराहरूका बारेमा साक्षी दिनु (प्रेरित २३:११), वा परमेश्वरको वचन प्रचार गर्नु (प्रेरित ८:४) र सिकाउनु हो (१ तिमोथी ४:६) । लेखपढ गर्न नजान्नेहरूलाई पनि तपाईंले लेखपढ गर्न सिकाउन सक्नुहुन्छ वा तपाईंले आफूले जान्नुभएका विशेष थोकहरू अरूहरूसँग बाँडचूँड गर्न सक्नुहुन्छ । के तपाईं कुनै सांगीतिक बाजा बजाउन जान्नुहुन्छ ? तपाईंको मण्डलीमा अरूहरूलाई पनि सिकाउनुहोस् । के तपाईं सिउन, बुन्न वा बुट्टा भर्न जान्नुहुन्छ ? तपाईंको मण्डलीमा दिदीबहिनीहरूको समूहसँग एकैसाथ काम गरी केही कक्षाहरू लिनुहोस् ।



६. तपाईंमा कस्तो किसिमको विशेष सीप वा ज्ञान छ ?

..................................................................................................

यसलाई तपाईं कोसँग बाँड्नसक्नुहुन्छ ?

..................................................................................................

## व्यावहारिक हुनुहोस्

उद्देश्य ५. *एक ख्रीष्टियानका मानसिक क्षमताहरूप्रति भएको उसको प्रवृत्तिको विवरणलाई पहिचान गर्नुहोस् ।*

कसैले भनेका छन् कि हामीले सुद्धिबुद्धि भन्ने कुरा त्यति सामान्य देखिँदैन । अनि परमेश्वरको वचनले यसलाई समर्थन गर्छ । वास्तवमा कोरिन्थीहरूलाई प्रेरित पावलले यसो भन्नुपरेको थियो: "सोच विचारमा बालक नहोओ... तर सोच विचारमा परिपक्व बन" (१ कोरिन्थी १४:२०) ।

दोस्रो विश्व युद्धमा बौलाहाहरू बसेका घरको आँगनमा बम खसेको एउटा कथा छ । भाग्यवस, यसले भवनलाई त्यति ठूलो क्षति पुऱ्याएन, तर घरभित्र बस्नेहरूका बीचमा यसले ठूलो संकटको सृजना गऱ्यो, "के हुँदैछ ? संसार नै बौलाएको जस्तो देखिन्छ !" त्यस टिप्पणीमा कस्तो परिज्ञान थियो ! वास्तवमा संसारमा धेरै थोकहरू छन्, जसलाई बुझ्न नै सकिँदैन किनकि परमेश्वरले चाहनुभएअनुसार मानिसहरूले आफ्ना मनलाई प्रयोग गरिरहेका छैनन् ।




तर परमेश्वरका कारिन्दाहरूका हैसियतले, मानसिक रूपमा वृद्धि हुनुपर्ने जिम्मेवारी हामीसँग छ । यसको अर्थ यही नै हुन्छ कि हामी परिपक्वतामा नपुगुन्जेलसम्म हाम्रो मानसिक शक्तिहरूको विकास हुनैपर्छ (हिब्रू ५:११-१४) ।

७. आफ्ना मानसिक क्षमताहरूप्रति कुनचाहिँ व्यक्तिको ठीक प्रवृत्ति छ ?

क. सानो उमेरमा नै मरियमले येशूलाई ग्रहण गरिन् । अहिले तिनको उमेर धेरै भइसकेको छ, तर परमेश्वरको वचन अझै राम्रोसँग बुझ्नका लागि तिनी अझै निरन्तर रूपमा बाइबल अध्ययन गर्ने गर्छिन् ।

ख. जीम एक वर्षको निम्ति बाइबल स्कूलमा गए । आफूले पर्याप्त कुराहरू सिकिसकेको र आफूलाई अझै बाइबल अध्ययनको आवश्यकता नपरेको सोच उनमा छ ।

## हाम्रो इच्छा

उद्देश्य ६. *परमेश्वरका कारिन्दाहरूका रूपमा हाम्रा इच्छालाई हामीले प्रयोग गर्न सक्ने चार तरीकाहरूका उदाहरणहरू र विवरणहरूलाई छान्नुहोस् ।*

हाम्रो इच्छा हाम्रो व्यक्तित्वको भाग हो, जहाँबाट हाम्रा अभिलाषाहरू र निर्णयहरू आउँछन् । परमेश्वरका कारिन्दाहरूका रूपमा, उहाँचाहिँ हाम्रा इच्छाका मालिक हुनुहुन्छ भनी हामी स्वीकार गर्छौं । यसको कारण, उहाँले चाहनुभए अनुसार यसलाई प्रयोग गर्ने जिम्मेवारी हामीसँग छ । तर हामी यसलाई कसरी पूरा गर्न सक्छौं ? तपाईंलाई उपयोगी हुन सक्ने केही निर्देशनहरू यहाँ छन् ।

## परमेश्वरको आज्ञापालन गर्नुहोस्

परमेश्वरको आज्ञापालन गर्नु भनेको उहाँको इच्छामा हाम्रो इच्छालाई समर्पण गर्नु हो । हामी उहाँका इच्छाका कारिन्दाहरू मात्र हौँ भनी हामीले स्वीकार गरेको कुरालाई देखाउने तरीका यही मात्र हो । परमेश्वरलाई प्रसन्न तुल्याउन हामीले गर्न सक्ने कुनै पनि कामभन्दा यो अझै उत्तम छ (१ शमूएल १५:२२) ।

परमेश्वरको आज्ञापालन गर्नका लागि इच्छालाई मनको सहयोगको आवश्यकता पर्छ । परमेश्वरले चाहनुभएको कुरा यदि मनले जान्दैन भने, इच्छाले उहाँको आज्ञापालन गर्न सक्दैन । हाम्रो मन परमेश्वरको वचनले भरिनु आवश्यक छ । पवित्र आत्माद्वारा यसलाई सिकाइनु र निर्देशित गरिनु आवश्यक छ । तब परमेश्वरको आज्ञा पालन गर्नका लागि यसले हाम्रो इच्छालाई निर्देशन गर्न सक्छ ।

**हाम्रो मन**
**+**
**परमेश्वरको वचन** } **+ हाम्रो इच्छा = परमेश्वरप्रति आज्ञाकारी**
**+**
**पवित्र आत्मा**

केही विश्वासीहरूले खास परिस्थितिहरूमा परमेश्वरको आज्ञापालन गर्नका लागि असम्भवजस्तो ठान्छन्। तर यी विश्वासीहरूले यो महसूस गर्नैपर्छ कि तिनीहरू "ख्रीष्टमा" छन् (२ कोरिन्थी ५:१७)। परमेश्वरले हामीलाई फेरि बनाउनुभएको छ र त्यसैकारणको निम्ति हामीलाई उहाँको आज्ञापालन गर्न सुसज्जित पारिएको छ।

परमेश्वरप्रतिको आज्ञाकारिताले हाम्रो इच्छालाई बलियो पार्न हामीलाई सहयोग पुऱ्याउँछ। परमेश्वरको आज्ञा पालन नगर्ने व्यक्तिहरूले अरूहरूले तिनीहरूलाई भनेका कुराहरू आफूले गरिरहेका भेट्टाउँछन्। तिनीहरू उनीहरूका आज्ञा पालन गर्न चाहँदैनन्; तर उनीहरूका धम्की वा हप्काइसँग उनीहरू डराउँछन्। यद्यपि, प्रेरितहरूले आफ्ना शत्रुहरूका धम्कीहरूलाई सफलतासाथ विरोध गरेको कुरालाई याद गर्नुहोस् (प्रेरित ४:१८-२०; ५:२८-२९)। युगौंदेखिका हजारौं विश्वासीहरूले यही नै किसिमका अनुभवहरू गरेका थिए। अनि सबैभन्दा बलियो इच्छा (मनोबल) आज्ञाकारी ख्रीष्टियानहरूको हुन्छ भनी परमेश्वरका शत्रुहरूलाई थाहा छ!

हाम्रो इच्छाले यसको आफ्नै सम्मतिमा परमेश्वरको आज्ञापालन गर्न सक्दैन। यसले आज्ञापालन गर्न सिक्नुपर्छ। अनि यसलाई विद्यालयमा पठाउने जिम्मेवारी परमेश्वरले हामीलाई दिनुभएको छ! यो हाम्रो सम्पूर्ण जीवनभरि रहने प्रक्रिया हो। धेरैपल्ट हामीले यसो पनि भन्नुपर्ने हुन्छ : "तर मेरो इच्छा होइन, तपाईंकै इच्छा पूरा होस्" (लूका २२:४२)। तर हामीले सिक्दै गर्दा हामी पवित्र आत्माको सहयोगमा भर पर्न सक्छौं, तब हामी यसो भन्न सक्षम हुनेछौं : "हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु!" (भजनसंग्रह ४०:८)।

८. १ शमूएल १५:२२ मा देखाइएझैं शाऊलको जीवनबाट यस पाठमा हामीले सिक्न सक्ने कुरा के हो ?

क. परमेश्वरले आफ्ना मानिसहरूबाट बलिदानहरू चाहनुहुन्न।

ख. परमेश्वरका आज्ञालाई कतिजति पालन गर्ने भन्ने सम्बन्धमा हामी निर्णय गर्न सक्छौं।

ग. पूर्ण रूपमा परमेश्वरको आज्ञा पालन गर्नु हाम्रो निम्ति अति महत्त्वपूर्ण छ।

## हरेक किसिमको दुष्टतालाई त्याग्नुहोस्

कतिपल्ट तपाईंले आफूभित्र संघर्षको अनुभूति गरेको कुरालाई भेट्टाउनुहुन्छ होला । के असल हो भन्ने कुरा तपाईंको मनलाई थाहा छ (रोमी ७:२३); तर तपाईंको मनले तपाईंका इच्छालाई दिएका निर्देशनहरू पालन गर्न तपाईंको इच्छा अति नै कमजोर छ (रोमी ७:१५,१९) । के यो संघर्ष तपाईंको जीवनभरि नै रहिरहनुपर्छ ? के हामीले परमेश्वरमा बुझाउनुपर्ने हाम्रो हिसाब विजयभन्दा अझै असफलताको इतिहास हुनुपर्छ र ? परमेश्वरलाई धन्यवाद, त्यसो हुनुपर्दैन ! आफ्नो कारिन्दालाई त्याग्ने र उसका आफ्नै योजनाहरूमा उसलाई छोडिदिने किसिमका मालिक उहाँ हुनुहुन्न ।

रोमी ७ मा असफलताका बारेमा बताउने उही प्रेरित पावलले, रोमी ८ मा विजयको मार्ग हामीलाई देखाएका छन् । हाम्रो कमजोरी अवस्थामा नै हामीलाई सहायता पुऱ्याउनका निम्ति पवित्र आत्मा आउनुहुन्छ (रोमी ८:२६) । हामी कमजोर हुँदा परमेश्वरको शक्ति अति बलियो हुन्छ (२ कोरिन्थी १२:९) । यस सहाससाथ हामी पनि "कमजोरीबाट बलिया भएका (हिब्रू ११:३४) व्यक्तिहरूजस्तै बन्न सक्छौं ।" सबै किसिमका खराबीबाट अलग बस (१ थेसलोनिकी ५:२२) भनी पावलले भनेका कुरामा छक्क पर्नुपर्ने कुनै कारण नै छैन । परमेश्वरले हाम्रो निम्ति यही नै चाहना गर्नुहुन्छ, र परीक्षाको समयमा यसलाई सहने सामर्थ्य उहाँले हामीलाई उपलब्ध गराउनुहुन्छ र यसरी हाम्रो निम्ति उम्कने बाटो पनि जुटाउनुहुन्छ (१ कोरिन्थी १०:१३) । तर उहाँको सहयोग प्राप्त गर्नका लागि हामीले हाम्रो इच्छालाई अभ्यास गर्नैपर्छ ।

९. हामी कमजोर भए तापनि परीक्षामा विजयी हुनका लागि हाम्रो निम्ति के सम्भव छ ? किन ?

..............................................................................................

..............................................................................................

## जे ठीक छ सो छान्नुहोस्

परमेश्वरले मानिसलाई इच्छा दिनुहुँदा, अति खतरापूर्ण र संवेदनशील कुरा उहाँले उसको जिम्मामा राखिदिनु भयो । योचाहिँ उसलाई अति शक्तिशाली हतियार दिएको जस्तै हो - किनकि मानिसको इच्छा स्वतन्त्र छ । ऊसँग छान्ने

शक्ति छ । आफ्नो इच्छाको माध्यमद्वारा कारिन्दाचाहिँ मालिकको विरुद्धमा विद्रोहको बिन्दुसम्म पुग्न सक्छ ! (यूहन्ना ५:४०) । तब, परमेश्वरले चाहनुभए अनुसार, हाम्रो इच्छालाई व्यवस्थापन गर्नु हाम्रो जिम्मेवारी कति ठूलो छ !

छान्नु भन्नाले निर्णय बनाउनु भन्ने बुझिन्छ । ख्रीष्टलाई इन्कार गर्नुको सट्टा तपाईंले उहाँलाई ग्रहण गर्ने निर्णय गर्नुभयो । आज बिहान तपाईंले ओछ्यानमा सुत्नुभन्दा उठ्ने कुराको, अर्को पुस्तकको सट्टा यस पुस्तकलाई पढ्ने निर्णय गर्नुभयो । परमेश्वरले यसो भन्नुहुँदा छनोटको यो शक्तिलाई अपिल गर्नुहुन्छ : "यदि तिमीहरू आज्ञाकारी भयौ भने ... तर यदि तिमीहरू अटेरी हुन्छौ भनेता..." (यशैया १:१९, २०) ।

हामी जे छौं त्योचाहिँ हाम्रा असल वा खराब निर्णयहरूको नतीजा हो । अवश्य नै, हामीले सधैंभरि ठीक कुरा छानेको परमेश्वरले चाहनुहुन्छ (व्यवस्था ३०:१९) राम्रोसँग व्यवस्थापन गरिएको कुराले असल निर्णयहरू उत्पादन गर्छ, तर यदि यो खराब किसिमले निर्देशित छ भने नतीजाचाहिँ खराब निर्णयहरू हुनसक्छ । कारिन्दा वा प्रबन्धकले बनाएका निर्णयहरूद्वारा तपाईं उसको न्याय गर्नुहुन्छ ! उदाहरणको लागि, दानिएलले असल निर्णय बनाए (दानिएल १:८); तर शाऊलले गल्ती निर्णयहरू बनाए (१ शमूएल १५:९-११) ।





१०. दायाँपट्टि दिइएको प्रत्येक सिद्धान्तलाई बायाँपट्टि दिइएको यसलाई नमूनित गर्ने बाइबल पद वा पदहरूसँग जोडा मिलाउनुहोस् ।

... क) व्यवस्था ३०:१९ — १) हामी कमजोर हुँदा परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ ।

... ख) यशैया १:१९-२०

... ग) रोमी ८:२६ २) हामीसँग छनोटको शक्ति छ ।

... घ) १ कोरिन्थी १०:१३

... ङ) २ कोरिन्थी १२:९

एक व्यक्तिले कसरी असल निर्णयहरू बनाउन सक्छ ? के गर्ने भनी निर्णय गर्न नसक्ने अवस्थालाई यदि तपाईंले सामना गर्नुपर्‍यो भने, यहाँ केही सुझावहरू छन्

१. तपाईंको अवस्थाको बारेमा बाइबलले भनेको कुरालाई निर्धारण गर्नुहोस् ।

२. अगुवाइको निम्ति परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

३. आफ्ना पाष्टर वा परिपक्व विश्वासीसँग सल्लाह माग्नुहोस् ।

४. विगतमा भएको जस्तै किसिमको अवस्थालाई विचार गर्नुहोस् र त्यसबेला तपाईंले बनाउनुभएको निर्णयलाई विश्लेषण गर्नुहोस् । यदि त्यो ठीक थिएन भने, किन उही भूल दोहोर्‍याउने ?

५. यही वा यस्तै परिस्थितिको सामना गर्ने मानिसहरूद्वारा बनाइएका निर्णयहरूलाई विचार गर्नुहोस् । तिनीहरूका निर्णयहरूका नतीजाहरूलाई विश्लेषण गर्नुहोस् ।

११. निर्णयहरू बनाउँदा हामीले हाम्रा इच्छालाई कसरी प्रयोग गर्नुपर्छ ?

क. हामीले के गर्नुपर्छ भनी कसैले हामीलाई नबताउञ्जेल पर्खने निर्णय गर्नु ।

ख. परमेश्वरको वचन र उहाँको अगुवाइमा आधारित असल निर्णय बनाउनु ।

ग. हामीले हाम्रा आफ्नै निर्णयहरू बनाएको परमेश्वरले चाहनुहुन्न भनी महसूस गर्नु ।

## भलाइ गर्नुहोस्

असल आशय भएका धेरै मानिसहरू यस संसारमा छन् । यद्यपि, तिनीहरूले ती असल आशयहरूलाई कहिल्यै कार्यान्वयन गर्दैनन् । असल इच्छाहरू उत्पादन गर्नको निम्ति मात्र होइन तर अझ असल कामहरू उत्पादन गर्नको नीम्त हामीले हाम्रो इच्छालाई प्रयोग गरेको परमेश्वरले चाहनुहुन्छ (याकूब १:२२; मत्ती ५:१६) । पावलले भनेका छन्: “हामी सबै मानिसको भलाई गर्दै जाऔं” (गलाती ६:१०) ।

असल कुराहरूलाई निर्माण र कार्यान्वयन गर्न आफ्नो बलियो इच्छालाई प्रयोग गर्ने विश्वासयोग्य कारिन्दाहरूप्रति हामी कति धेरै धन्यवादी हुनुपर्छ ! तिनीहरूका कारण यस संसार अझ असल ठाउँ भएको छ । समाजलाई फाइदा दिने र भलाई गर्ने धेरै संघ-संस्था जो अहिले अस्तित्वमा छन् तिनीहरू सबै स्वाभाविक नै देखिन्छन् । तिनीहरू ख्रीष्टियान पुरुषहरू र स्त्रीहरूका कारण अस्तित्वमा आएका हुन् जसले परमेश्वर र मानवताको सेवामा आफ्ना इच्छालाई अर्पण गरेका छन् ।

१२. पभुको महिमा गर्नका लागि कुन चाहिँ किसिममा हामी हाम्रो इच्छालाई प्रयोग गर्न सक्छौं ?

................................................................................

## हाम्रा भावनाहरू

उद्देश्य ७. *हाम्रो ख्रीष्टियान जीवनसँग हाम्रा भावनाहरूले के गर्नुपर्छ भनी अभिव्यक्त गर्ने बयानहरूलाई पहिचान गर्नुहोस् ।*

भावनाहरू वा अनुभूतिहरू मानव व्यक्तित्वको अर्को अति महत्त्वपूर्ण भाग हो । परमेश्वरले मानिसलाई भावनात्मक स्वभाव दिनुभयो, तर उसले आफ्ना भावनाहरूलाई अति नराम्रोसँग सञ्चालन गर्‍यो । फलस्वरुप, तिनीहरू अधीनताबाट बाहिर र गलत मार्गमा निर्देशित छन् । रीसचाहिँ घृणा बनेको छ; प्रेम र आनन्द जे असल छ त्यससँग होइन, तर जे खराब छ त्यससँग सम्बन्धित भएका छन् । हाम्रा भावनाहरूलाई अधीनतामा राख्न र तिनीहरूलाई ठीक मार्गमा लगाउनका लागि ख्रीष्ट आउनुभयो । त्यसकारण, परमेश्वरका कारिन्दाहरूका रूपमा, जागा रहनुपर्ने जिम्मेवारी हामीसँग छ, र यसरी उहाँले चाहनुभए अनुसार हाम्रा भावनाहरूलाई कायम राख्न र विकास गर्न सकिन्छ ।

## परमेश्वरलाई आराधना गर्नुहोस् ।

परमेश्वरले चाहनुभएअनुसार हाम्रा भावनाहरूलाई प्रयोग गर्ने एउटा तरीकाचाहिँ उहाँलाई आराधना गर्नु हो । हामी हाम्रो प्रेमलाई उहाँकहाँ अभिव्यक्त गर्छौं किनकि हामीले यसो गर्नाले यसले उहाँलाई प्रसन्न तुल्याउँछ (मत्ती २२:३७) । पहिले उहाँले हामीलाई प्रेम गर्नुभएको कारण हामी पनि उहाँलाई प्रेम गर्छौं (१ यूहन्ना ४:१९) । उहाँको अचम्मको उपस्थितिलाई अनुभूति गर्दा र उहाँका धेरै

आशिषहरूलाई अनुभव गर्दा हामी वास्तै नगर्ने भई रहनसक्दैनौं ! हाम्रा हृदयहरूलाई उत्साहित पार्ने आनन्दले परमेश्वरप्रतिका प्रशंसामा हामीलाई प्रफुल्लित पार्छ (लूका १९:३७; प्रेरित ८:७-८) ।

आराधना सेवाहरूमा भावनाहरूको ठाउँ छैन भनी केही मानिसहरूले विश्वास गर्छन् । तर सम्भवतः यी नै व्यक्तिहरू आफूले माया गरेका व्यक्तिहरूका मृत्युमा रुन्छन्, जमघटमा चर्को सोरले हाँस्छन्, खेलकूद प्रतियोगिताहरूमा जोश साथ उफ्रन्छन् । हाम्रा हृदयका भावनाहरूलाई उहाँकहाँ हामीले अभिव्यक्त गर्नका लागि परमेश्वर कति धेरै योग्यको हुनुहुन्छ ! चर्को सोरमा येशूलाई प्रशंसा गर्ने भीडको जोशलाई दबाउन चाहने व्यक्तिहरूलाई येशूले दिनुभएको जवाफलाई हामीले यहाँ ध्यान दिनु उचित देखिन्छ : "म तिमीहरूलाई भन्दछु, यिनीहरू चूप लागे भने ढुङ्गाहरू नै कराउनेछन्" (लूका १९:४०) ।

उद्धार पाएकाहरूका भावनाहरू परमेश्वरको आराधनामा कसरी चरमसीमामा पुग्छन् भन्ने कुरा प्रकाशको पुस्तकले हामीलाई देखाउँछ । तिनीहरूको जोश भरिएर पोखिन्छ (प्रकाश ७:९-१०; १४:२-३); तिनीहरूका आनन्द अवर्णनीय छ (प्रकाश १९:६-७) । तब परमेश्वरको महिमाको निम्ति हाम्रा भावनाहरूलाई हामी निश्चयतासाथ प्रयोग गरौं ।

१३. आराधना सेवामा मानिसहरूले चर्को स्वरमा परमेश्वरलाई प्रशंसा गर्दा बाधा परेको अनुभूति गर्ने कुनै व्यक्तिलाई बताउन सकिने सबैभन्दा उत्तम बाइबल पद कुन हो ?

क. मत्ती २२:३७

ख. लूका १९:४०

ग. १ यूहन्ना ४:१९

घ. प्रकाश १४:२-३

## आत्मिक रूपमा बढ्नुहोस्

हाम्रो आत्मिक वृद्धिमा भावनाहरूले अति महत्त्वपूर्ण भूमिकालाई पूरा गरेका हुन्छन् । यस वृद्धिका दुइ पक्षहरूलाई हामीले विचार गर्दा हामी यसलाई देख्नेछौं ।

*आत्माको फल*

आदमको अवस्थामाझैं, परमेश्वरले हामीलाई सुन्दर बगैंचाको हेरचाहा गर्न राख्नुभएको छ । योचाहिँ हाम्रो भावनात्मक अस्तित्वको बगैंचा हो । “झारपात” लाई उखेल्ने जिम्मेवारी हाम्रो हो: तीतोपन, द्वेष, रीस र अरू घृणास्पद भावनाहरू (एफिसी ४:३१; कलस्सी ३:८) । तर हामीभित्र वास गर्नुहुने पवित्र आत्माले बगैंचा लगाउनुहुन्छ, यसरी हामीमा सुन्दर “फल” उत्पादन हुन्छ (गलाती ५:२२-२३) ।

तर तपाईंले भन्नुहोला : हाम्रो आत्मिक वृद्धि प्रायःजसो भावनात्मक वृद्धिको विषय हुनका लागि सम्भव छ त ? यसलाई विश्वास गर्न कठिन भए तापनि, यो यस्तै नै हुन्छ । प्रेमचाहिँ विचार वा इच्छा होइन । यो एक भावना हो । अनि यो सबैभन्दा उच्च भावना हो ! यसको अतिरिक्त, गलाती ५:२२-२३ मा उल्लिखित आत्माको फलका बाँकी भागहरू पनि भावनाहरू नै हुन् । अनि १ कोरिन्थी १३:४-७ अनुसार तिनीहरू प्रेमसँग नजीकतामा सम्बन्धित छन् । तल उल्लिखित चित्ररेखाले यसलाई नमूनित गर्छ :




प्रेम यसको पूर्ण विकासमा पुगेपछि मात्र हामी परमेश्वरलाई हाम्रो सारा हृदय र हाम्रा छिमेकीलाई आफैलाईझैं प्रेम गर्न सक्छौं (लूका १०:२७) । प्रभुमा भएका हाम्रा दाजु-भाइ र दिदी-बहिनीलाई (१ यूहन्ना ३:१४), परदेशीहरूलाई (लूका १०:३०-३५), र हाम्रा शत्रुहरूलाई (मत्ती ५:४४) प्रेम गरेर हाम्रो छिमेकीको निम्ति भएको प्रेमलाई हामी अभिव्यक्त गर्छौं ।

*खीष्टको प्रवृत्ति*

खीष्टको जस्तै "प्रवृत्ति" भएको ठाउँमा हामी पुग्दा हाम्रो भावनात्मक विकासको सिखरमा हामी पुगेका हुन्छौं (फिलिप्पी २:५) । हराएका, रोगी र भोकाहरूका निम्ति येशूमा गहिरो दया जागेको थियो (मत्ती ९:३६; १४:१४; १५:३२) । यरुशलेममाथि भएको येशूको बिलौना कति मार्मिक थियो ! (लूका १९:४१-४४) । उहाँले हामीलाई प्रेम गर्नुभएको र हाम्रो निम्ति उहाँको जीवन दिनुभएको प्रेम कति महान् प्रेम थियो ! (प्रकाश १:५) । यही प्रवृत्तिको कारण लाखौं विश्वासीहरूले सुसमाचार प्रचार गर्न सकेका छन् ।

१४. हाम्रो आत्मिक वृद्धि हाम्रा भावनाहरूसँग सम्बन्धित छ किनकि

क. हामीले खीष्टलाई ग्रहण गरेपछि हामीमा अब कुनै पनि खराब अनुभूतिहरू हुँदैनन् ।

ख. बाइबललाई जान्नुभन्दा पनि हाम्रो भावनात्मक वृद्धि अझै महत्त्वपूर्ण हुन्छ ।

ग. आत्माको फल पनि हाम्रा भावनाहरूसँग नै सम्बन्धित छ ।

## स्वयम्-जाँच

१. तपाईंको मनलाई अनुशासन गर्नु भनेको अर्थ

क. विचार गर्नबाट यसलाई बाहिर राख्नु ।

ख. बाइबललाई मात्र पढ्नु ।

ग. दुष्ट विचारहरूमाथि विजय पाउनु ।

२. भजनसंग्रह १:१, एफिसी ४:२९, र २ तिमोथी २:१६ ले हामीलाई कुराकानीको बारेमा के सिकाउँछन् ?

क. खराब कुराकानी सुन्नलाई हामीले बन्द गर्नुपर्ने ।

ख. दुष्ट धारणाहरू र विचारहरूलाई सुझाव दिने कुराकानीलाई हामीले बन्द गर्नुपर्छ र हामीले सहयोगपूर्ण खालका कुराकानी मात्र गर्नुपर्छ ।

३. ख्रीष्टियानको लागि अध्ययन गर्ने कुरा बहुमूल्य छ किनकि

क. शिक्षित व्यक्तिहरूले मात्र परमेश्वरका कुराहरूलाई बुझ्न सक्छन् ।

ख. यसले उनलाई वा तिनलाई प्रभुको निम्ति अझै असल कारिन्दा बनाउँछ ।

ग. ख्रीष्टियानहरू अरूहरूभन्दा असल छन् भनी तिनीहरूले देखाउनु आवश्यक पर्छ ।

४. कुनचाहिँ व्यक्तिले प्रार्थनामा आफ्नो मनलाई प्रयोग गरिरहेका छन् ?

क. जर्जले बाइबलमा भएका प्रार्थनाहरूलाई अध्ययन गर्छन् र प्रार्थना गर्नका लागि उनलाई सहयोग पुऱ्याउन उनले अध्ययन गरेका केही विचारहरूलाई उनी प्रयोग गर्छन् ।

ख. थोमसले आफ्नो मनमा जे कुरा आउँछ सो भन्दै प्रार्थना शुरु गर्छन् । लामो प्रार्थना बनाउनका लागि उनले आफ्ना विचारहरूलाई धेरैपल्ट दोहोऱ्याउँछन् ।

५. प्रार्थना गर्दा व्यर्थका शब्दहरू प्रयोग गर्ने अभ्यासको विरुद्धमा कहाँ बताइएको छ ?

क. १ शमूएल १:११ ।
ख. दानिएल ९:४-१९ ।
ग. मत्ती ६:७ ।
घ. १ कोरिन्थी १४:१५ ।

६. प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।
क. एक व्यक्तिले उद्धार पाएपछि उसले अरू केही कुरा पनि सिक्नु आवश्यक पर्दैन ।
ख. ख्रीष्टियानले आफ्नो मानसिक शक्तिहरूलाई प्रयोग गर्न र सधैं वृद्धि हुन आवश्यक छ ।
ग. यदि कुनै ख्रीष्टियान बयस्क छ भने, ऊ आत्मिक रूपमा वृद्धि हुन आवश्यक छैन ।

७. मानसिक रूपमा वृद्धि हुन उनीहरूका निम्ति महत्त्वपूर्ण छ भनी मानिलिऔं तपाईंले नयाँ ख्रीष्टियानहरूको एक समूहलाई सिकाउँदै हुनुहुन्छ । यसको निम्ति प्रयोग गर्नका लागि बाइबलको कुनचाहिँ खण्ड सबैभन्दा उत्तम हुन्छ ?
क. मत्ती ६:९-१३
ख. मत्ती ११:२५-२६
ग. प्रेरित ४:२४-३०
घ. हिब्रू ५:११-१४

८. बायाँपट्टि दिइएको प्रत्येक उदाहरणलाई परमेश्वरले चाहनुभएअनुसार आफ्नो इच्छालाई एक व्यक्तिले कसरी प्रयोग गर्छ भनी वर्णन गर्ने दायाँपट्टि दिइएको प्रत्येक वाक्यांशसँग तुलना गर्नुहोस् ।

| | |
|---|---|
| .... क. गल्ती थोकहरू गर्नका लागि परीक्षित हुने ठाउँहरूबाट जर्ज टाढै बस्छन् । | १) परमेश्वरको आज्ञापालन<br>२) दुष्टतालाई त्याग्नु |
| .... ख. खाँचोमा परेको परिवारको निम्ति मरियमले केही खानेकुरा लगिदिन्छिन् । | ३) ठीक छान्नु<br>४) भलाई गर्नु |

.... ग. आफ्नो इच्छाचाहिँ केही भिन्नै गर्ने भए
तापनि जोहन परमेश्वरको चाहनाअनुसार गर्छन् ।

.... घ. अझै असल ख्रीष्टियान बन्नका निम्ति
उनलाई सहयोग पुऱ्याउने पुस्तक पढ्नका
लागि टमले निर्णय गर्छन् ।

.... ङ. वृद्ध विधवाको घरमा केही मर्मत गरिदिने
काम गरेर जिमले सहयोग पुऱ्याउँछन् ।

९. प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. हामीले हाम्रो प्रेम परमेश्वरलाई अभिव्यक्त गर्नुपर्छ भन्ने सम्बन्धमा परमेश्वरले सरोकार राख्नुहुन्न किनकि हामीले कस्तो अनुभूति गर्छौं भन्ने कुरा उहाँले पहिले नै जान्नुहुन्छ ।

ख. एक परिपक्व ख्रीष्टियानले बाहिरी रूपमा आफ्ना भावनाहरूलाई देखाउनुपर्ने आवश्यकता पर्दैन ।

ग. हामीले परमेश्वरलाई आराधना गर्दा प्रशंसा र जोशका हाम्रा भावनाहरूलाई हामीले अभिव्यक्त गरेको परमेश्वरले चाहनुहुन्छ ।

१०. हामीमा ख्रीष्टको प्रबृत्ति हुनुको अर्थ हुन्छ कि

क. हामी पापरहित र सिद्ध रूपमा आज्ञाकारी हुन्छौं ।

ख. उद्धार नपाएकाहरूका निम्ति हामीसँग गहिरो सरोकार हुन्छ ।

ग. हामीले ख्रीष्टियानहरूलाई मात्र प्रेम गर्छौं ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

८) ग) पूर्ण रूपमा परमेश्वरको आज्ञा पालन गर्नु हाम्रो निम्ति अति महत्त्वपूर्ण छ ।

१) यसको बारेमा विचार गर्नु र यसको अर्थ के हो भनी सोच्नु ।

९) हो, सम्भव छ, किनकि यसलाई सहनसक्ने सामर्थ्य परमेश्वरले हामीलाई दिनुहुन्छ ।

२) तपाईंको उत्तर । सूचीमा भएका केही कुराहरूको निम्ति “म गर्न सक्छु” भन्ने स्तम्भमा के तपाईंले + चिन्ह लगाउन तपाईं सक्षम हुनुहुनेछ भन्ने कुरामा म आशावादी छु !

१०) क) २) हामीसँग छनोटको शक्ति छ ।
ख) २) हामीसँग छनोटको शीक्त छ ।
ग) १) हामी कमजोर हुँदा परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ ।
घ) १) हामी कमजोर हुँदा परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ ।
ङ) १) हामी कमजोर हुँदा परमेश्वरले हामीलाई सहायता गर्नुहुन्छ ।

३) क) परमेश्वरको वचनको प्रयोगद्वारा दुष्ट विचारहरूमाथि विजय प्राप्त गर्न सक्छौं ।

११) ख) परमेश्वरको वचन र उहाँको अगुवाइमा आधारित असल निर्णय बनाउनु ।

४) ख) अशिक्षितहरूलाई पनि परमेश्वरले विभिन्न कुराहरू प्रकट गर्नुभए तापनि ... भनिने उत्तरचाहिँ सबैभन्दा उत्तम जवाफ हो । उत्तर क) असल छैन किनकि सबै विश्वासीहरूले परमेश्वरको वचन जान्नु आवश्यक छ । उत्तर ग) ले कमजोर कारण मात्र दिएको छ । संसारलाई प्रभाव पार्नको लागि मात्र होइन तर परमेश्वरले आग्रह गर्नुभएको कारणले नै ख्रीष्टियानहरूले काम कुराहरू गर्नुपर्नेहुन्छ ।

१२) परमेश्वरलाई आराधना गर्नुहोस्, हरेक किसिमको दुष्टतालाई त्याग्नुहोस्, जे ठीक छ सो छान्नुहोस् र भलाई गर्नुहोस् ।

५) ग) हामीले भन्न चाहेको कुरामा ध्यानपूर्ण विचार दिनु हो ।

१३) ख) लूका १९:४० । बाँड्नका लागि यो सबैभन्दा उत्तम पद हो किनकि यसले देखाउँछ कि उहाँलाई प्रशंसा गर्नेहरूलाई येशूले चूप लगाउनु भएन । उहाँले त्यस किसिमको आराधनालाई स्वीकार गर्नुभयो ।

६) तपाईंको उत्तर । अरूहरूलाई सहयोग गर्नका लागि तपाईंको सीप वा ज्ञान प्रयोग गर्ने उपायहरूलाई तपाईंले खोज्नुहुनेछ भन्ने कुरामा म आशावादी छु ।

१४) ग) आत्माको फल पनि हाम्रा भावनाहरूसँग नै सम्बन्धित छ ।

७) क) मरियम । हिब्रू ५:११-१४ ले सुझाव दिएझैं आफ्नो मनलाई विकास गर्न चाहने प्रवृत्ति तिनले देखाएकी छन् ।

## तपाईंको बुँदा टिपोटको निम्ति